www.eraptipost.com

"राप्तीको गौरव"

# राप्ती पोष्ट

Rapti Post National Daily (राष्ट्रिय दैनिक)

वर्ष १४, अंक ११६
कार्तिक ०९ शुक्रबार, २०८१
25, Oct, Friday, 2024
पृष्ठ ४ मूल्य रु. ५।-

सूचना सूचना सूचना

यो स्थान विज्ञापनका लागि खालि रहेकोछ ।



☎ सम्पर्क नं. ०८२५६३४५६

## संस्कृत विश्वविद्यालयको अचल सम्पत्ति खोजबिन गरिदै

●छबि पुरी

घोराही, ८ कात्तिक । दाताले दिएको भनिएको जग्गा तथा भौतिक सम्पत्तिको अवस्था यकिन गरी प्रयोगमा ल्याउने गरी नेपाल संस्कृत विश्व विद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन थालिएको छ । विश्वविद्यालयको नाममा रहेको जग्गा तथा सम्पति खोजविनको काम सरकारद्वारा गठित नेपाल संस्कृत विश्व विद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिले गरिरहेको छ ।



विश्वविद्यालय संचालनका लागि तत्कालीन समयमा जग्गादाताले दिएको जग्गा अहिले अतिक्रमणमा परेको, द्वन्द्वकालमा जग्गा कब्जामा परेको, २०५८ सालयता आयस्ता सबै रोकिएको जस्ता कारणले विश्वविद्यालयले जग्गाको भोगचलन गर्न पाएको छैन । विश्वविद्यालयको नाममा सम्पति भएपनि लामो समयदेखि उपभोग गर्न नपाउँदा विश्वविद्यालय सञ्चालनमा समस्या देखिन थालेपछि तत्कालीन सरकारले गएको असार २० गते विश्वविद्यालयको नाममा रहेको जग्गा तथा सम्पति खोजविनका लागि उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेर काम अघि बढाएको थियो ।

लामो समयसम्म नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालयलगायतका विभिन्न शाखामा लागेको तालाका कारण करिव दुई महिना काम गर्न नपाएको समितिले विश्वविद्यालयमा लागेको ताला खुलेसँगै जग्गा र सम्पतिको स्थलगत निरीक्षण, अध्ययन, अनुसन्धान गर्नेदेखि सरोकारवाला निकायसँग छलफल गरेको छ ।

संस्कृत विश्वविद्यालयका नाममा रहेको जग्गा तथा सम्पतिको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा छानबिनको काम सुरु भएको जग्गा तथा सम्पति खोजविन समितिका संयोजक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा विश्वविद्यालयका पदाधिकारीसँग छलफलसँगै राजनीतिक दल, जग्गादाता, सम्वन्धीत स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकाय, मालपोत कार्यालयका प्रतिनिधिको सहभागितामा बुधबार जिल्ला प्रशासनमा छलफल गरिएको थियो ।

प्रारम्भिक चरणमा भएका छलफल तथा अन्तरक्रियामा किसानलाई समस्या नपर्ने गरि विश्वविद्यालयको नाममा रहेको जग्गालाई विश्वविद्यालयले उपभोग गर्ने वातावरण बनाउन सबै सकारात्मक देखिएको समिति संयोजक पौडेलको विश्वास छ । 'विश्वविद्यालयको जग्गा सम्वन्धी विवाद समाधानका लागि थालनी भएको प्रयासमा सबै पक्ष सकारात्मक देखिनुभएको छ । आशा छ, समितिलाई काममा सहयोग गर्नुहुनेछ । हामीले सबै पक्षसँग सौहार्दपूर्ण रुपमा छलफल गरेर अथार्थ अवस्था बारे प्रतिवेदन बनाउनेछौं' उहाँले भन्नुभयो ।

समितिले तोकिएकै समयमा विश्वविद्यालयको जग्गा तथा सम्पतिको खोजविन गरेर, संरक्षण, उपयोग, व्यवस्थापनका लागि अध्ययन गरेर सरकारलाई प्रतिवेदन पेश गर्नेगरी काममा खटेको पनि उहाँको भनाई छ । नेपाल संस्कृत विश्व विद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको जग्गा तथा भवनको लगत, उपयोग संरक्षण तथा व्यवस्थापनका सन्दर्भमा सुझाव संकलन गर्न जिल्ला स्तरमा सरोकारवालासँग भएको छलफलमा जग्गादाता परिवारका श्रीधर शर्मा मजगैयाले २०१० मा आफ्नो परिवारबाट दान भएको जग्गाको अवस्था छिन्नभिन्न भएको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

२३ वर्षयता आयस्ता रोकिनु दुखद रहेको भन्दै मोही दिनुपर्नेलाई चाँडो मोही हक दिएर समस्याको निकास खोज्न आग्रह गर्नुभयो । 'अब निकास खोज्नुको विकल्प छैन । वास्तविक मोही किसानले मोही हक पाएका छैनन् । जग्गा कब्जा गर्नेले आयस्ता दिएको छैन । विद्याको निम्ति दिएको दानमा कसैबाटपनि कुदृष्टि राखिनु राम्रो होईन' उहाँले भन्नुभयो 'दुई सय बिगाह दान भयो । मसँग अहिले दुई बिगाहा छैन । तर दान दिएको जग्गाका अविगत भएको छ । म निकै दुखित छु ।'

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले विश्वविद्यालयको अभिलेख प्रणाली राख्न नसक्नु दुःखद भएको टिप्पणी गर्नुभयो । उहाँले विश्वविद्यालयको प्रकृयागत समस्यामा स्थानीय प्रशासनले निकासका लागि सक्दो सहयोग गर्ने बताउनुभयो । सरकारको नीति अनुसार, असार २० गते गठित समितिलाई अब नतिजामुखी बनाउन सबै लाग्नुपर्नेमा उहाँको जोड छ ।

विश्व विद्यालय देशकै गौरव भएपनि अहिले यो जीवन

➲ बाँकी अन्तिम पेजमा

## सेवाग्राहीको हितमा काम गर्छौं- मुख्यमन्त्री कार्डेल

●राप्तीपोष्ट समाचारदाता

सल्यान, ८ कात्तिक । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सेवाग्राहीको हितलाई ध्यानमा राखेर सरकारले काम गर्ने बताउनुभएको छ । उहाँले काममा हुने ढीला वा अतिरिक्त लेनदेन रोक्ने प्रतिवद्धता जनाउनुभयो । उहाँले अतिरिक्त शुल्क तिरेर सेवाग्राहीले काम लिनुपर्ने अवस्थालाई निरुत्साहित र हतोत्साहित गरिने भन्दै प्रमाण भेटिएमा कारवाही गरिने बताउनुभयो ।

विहीबार सल्यानमा बोल्दै उहाँले विकास निर्माणको काम आर्थिक वर्षको अन्त्यमा हुने परिपाटीको पनि अन्त्य गरिने उल्लेख गर्नुभयो । विभिन्न कार्यालयले सेवाग्राहीबाट अतिरिक्त शुल्क लिइरहेको गुनासो बढेकाले सेवाग्राही, निर्माण व्यवसायीले अतिरिक्त शुल्क तिर्नुपर्ने परिपाटीको अन्त्य गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिइएको उल्लेख गर्नुभयो ।

उहाँ नेपाल पत्रकार महासंघ सल्यानले खलंगामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै हुनुहुन्थ्यो, उहाँले भन्नुभयो, 'असार अगाडी नै बजेट कार्यन्वयन गरिसक्न अहिले देखिनै हामी तयारी अवस्थामा काम गरिहरेका छौं । स्थानीय तहमा पनि त्यहि अनुसार छिटो काम गराउन सबैको सहयोग चाहिन्छ ।'

नेकपा एमालेका स्थायी कमिटी सदस्य समेत रहेका कँडेलले




सत्तापक्ष र प्रतिपक्षी सबै दल हातेमालो गर्दै अगाडि बढे मात्रै कर्णालीको विकास सम्भव हुने धारणा व्यक्त गर्नुभयो । उहाँले राप्ती राजमार्गको यात्रा गर्दा दुरावस्था देखिएको भन्दै यसबारे प्रदेश सरकारको तर्फबाट संघिय सरकारलाइ अनुभूति गराउने जनाउनुभयो । यस राजमार्गमा उल्लेखनीय बजेट आएको भएर प्रचार गरेर एमालेको सरकार आएपछी हटायो भनेर भ्रम फैलाएको सुनिएको भन्दै मुख्यमन्त्री कँडेलले बिकास निर्माणका सवाललाइ जनतामाझ राजनीतिको बिषय नबनाउन अनुरोध गर्नुभयो ।

प्रदेश सरकार संग जोडिएका र अहिले अलपत्र परेका योजनाहरु कार्यान्वयनको पाटो प्रभावकारी बनाइने बताउनुभयो । उहाँले दलीय भेटघाट तथा जिल्लाको अवस्था बुझ्न विभिन्न जिल्लामा गइरहेको बताउनुभयो । बजेट बनाउने बेला आफु माओवादी पार्टीको समर्थनमा मुख्यमन्त्री रहेकोमा अहिले गठबन्धन फेरिएपनि त्यतिबेला बनाएको नीति तथा कार्यक्रम योजना, बजेटलाई निरन्तरता दिएको बताउनुभयो ।

प्रदेश सरकारले कृषि वाहेक १५ लाखभन्दा तलका योजना नबनाएको उल्लेख गरेका कँडेलले निर्माण व्यवसायीको कमजोरीमा सरकार तथा जनप्रतिनिधीले गाली खाइरहेको बताउनुभयो । धेरै काम निर्माण व्यवसायी मार्फत गर्नुपर्ने बैधानिक व्यवस्था रहेको भन्दै उहाँले

➲ बाँकी अन्तिम पेजमा

## संविधान प्रदत्त अधिकार कार्यान्वयनमा जोड

●राप्तीपोष्ट समाचारदाता

घोराही, ८ कात्तिक । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार जिल्ला सञ्जाल दाङको वार्षिक कार्ययोजना तयार तथा समीक्षा बैठक विहीबार घोराहीमा बस्यो । मुक्त कमलरी विकास मञ्चकी केन्द्रीय अध्यक्ष हिरामोती चौधरीको अध्यक्षतामा बैठक बसेको थियो ।

उक्त अवसरमा गैरसरकारी संस्थाहरुका तर्फबाट भईरहेको प्रयासलाई सार्थक बनाउन र सरकारको कामलाई नतीजामुखी बनाउन सञ्जालले नेतृत्वदायी भुमिका खेल्नुपर्ने बारेमा छलफल गरिएको थियो । सो अवसरमा गैरसरकारी संस्था महासंघ दाङका अध्यक्ष भागीराम चौधरी, स्वानका कृष्ण चौधरी, चिन्तामणि पौडेल, सिसा संस्थाकी अध्यक्ष साजिदा सिद्धिकी लगायतले बोल्नुभएको थियो ।

यसैबीच, सोही अवसरमा




आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सञ्जालको बैठकले सिसा संस्थाकी अध्यक्ष साजिदा सिद्धिकीको अध्यक्षतामा सर्वसम्मत सचिवालय गठन गरेको छ । अबका दिनमा उक्त सञ्जालले नीति र कानून निर्माण तथा परिमार्जनको प्रक्रियामा सुझाव र संशोधनका लागि छलफलको वातावरण बनाउनुका साथै कानूनको व्यवहारिक कार्यान्वयनका लागि नागरिक दवाव सिर्जना गर्ने योजना बनाएको छ ।

सरकारका विभिन्न निकायसँग सहकार्य, समन्वय र प्राविधिक सहयोग, सेवा र सुविधाको सूचना प्रवाह तथा लक्षित वर्गसम्मको पहुँचका लागि सामाजिक परिचालन तथा सहजीकरण, तीन तहका सरकारको बजेट तर्जुमा तथा कार्यक्रमको कार्यान्वयनका लागि नागरिक पहरेदारी तथा सार्वजनिक सरोकारका विषयमा वकालत र मुद्दामार्फत न्यायमा पहुँचको अभिवृद्धि गर्ने लगायत विषयमा काम गर्ने बताईएको छ ।

केन्द्रीय सदस्य रुपनी चौधरीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक सुलोचना चौधरीले गर्नु भएको थियो ।

## राप्तीमा डुवेर तीन बालिकाको मृत्यु

●राप्तीपोष्ट समाचारदाता

लमही, ८ कात्तिक । देउखुरीस्थित राप्ती नदीमा डुबेर तीन बालिकाको मृत्यु भएको छ । लमही नगरपालिका वडा नम्बर २ रनियाँपुरकी १२ वर्षीया झरना चौधरी, सोही ठाउँकै १२ वर्षीया निशा चौधरी र गढवा गाउँपालिका वडा नम्बर ४ खडकपुर घर भई लमही नगरपालिका वडा नम्बर ५ मा बस्दै आएकी १२ वर्षीया कृष्टी चौधरीको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रवक्ता डिएसपी ईश्वर थापाले बिहीबार अपराह्न सवा ३ बजे राप्ती नदीमा नुहाउन भनेर गएका तीन बालिकाको मृत्यु भएको खबर आएपछि प्रहरी पुगेको जानकारी



दिनुभयो । तीन जना बालिका बिहान खाना खाएर ११ बजेतिर नुहाउन भनेर राप्ती नदीमा गएका थिए । नुहाउने क्रममा उनीहरू गहिरोमा पसेको अनुमान छ । तीनै जना बालिकाको शव पोष्टमर्टमका लागि लमही अस्पतालमा राखिएको प्रहरीको भनाइ छ ।

## ज्ञानदीपलाई एजुकेशन अवार्ड

●राप्तीपोष्ट समाचारदाता

दाङ, ८ कात्तिक । तुलसीपुर स्थित ज्ञान दीप कलेज नेपाल एजुकेसन अवार्ड २०२४ बाट सम्मानित भएको छ ।

बुधबार अस्ट्रेलियामा सम्पन्न भएको उक्त अवार्डमा उत्कृष्ट नतिजा, भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलाप, शैक्षिक उपलब्धि, स्थापना वर्ष, कलेज ले विभिन्न समयमा ल्याउने गरेको उत्कृष्ट नतिजाको आधारमा ज्ञान दीप कलेजलाई एजुकेसन अवार्ड प्रदान गरिएको हो ।

ज्ञान दीप कलेजका भाइस प्रिन्सिपल मनोज केसी र

➲ बाँकी अन्तिम पेजमा

## रास्वपाका गतिविधि रोक्न एमालेको माग

●राप्तीपोष्ट समाचारदाता

काठमाडौं, ८ कात्तिक । सत्तारुढ दल एमालेले कानुनबमोजिम भइरहेको काम र त्यो काममा संलग्न अधिकारीहरूलाई बाधा पार्ने गरी रास्वपा र त्यसका नेताहरूले गैरकानुनी कार्यहरू गरिरहेकाले त्यसलाई रोक्न सरकारसँग आग्रह गरेको छ ।

रास्वपाका सांसद, नेता र कार्यकर्ताहरूले पोखरामा पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउबारे दैनिक रूपमा गरिरहेको प्रदर्शनप्रति आपत्ति जनाउँदै एमालेले त्यस्ता गतिविधि रोक्न ध्यानाकर्षण गराएको हो । 'राष्ट्र सेवकलाई कानूनबमोजिम तोकिएको काम गर्न नदिन वा कर्तव्य पालना गर्न नदिने हिसाबले पाँच जनाभन्दा बढीको भेला गर्नु गराउनु आफैंमा कसुर हो । यस्तो कसुरमा संघीय संसद्को सदस्य उपस्थित हुन र यस्तो कसुर गर्न अरूलाई उक्साउनु पूर्णतः गैरकानुनी कार्य हो ।

यस्तो भेलामा सहभागी नहुन प्रहरीले गरेको अनुरोधको अवज्ञा गर्ने प्रत्येक व्यक्ति कसुरदार मानिने कानुनी व्यवस्था भएतर्फ सबै पक्ष सचेत हुनुपर्दछ' एमाले महासचिव शंकर पोखरेलद्वारा जारी विज्ञप्तिमा छ,'हाम्रो पार्टी अख्तियार प्राप्त निकायबाट भइरहेको अनुसन्धान र अभियोजनको प्रक्रियामा बाधा पुर्‍याउने खालका कुनै पनि प्रकारका गतिविधि नगर्न सम्बन्धित सबैपक्षको ध्यानाकर्षण गर्दछ । नेपाल सरकारलाई समेत त्यस प्रकारको गतिविधि नियन्त्रण गर्न स्वच्छ र निष्पक्ष न्यायिक निरूपणको वातावरण तयार गर्न अनुरोध गर्दछ ।'

एमालेले संसदीय छानबिन समितिले सर्वसम्मत रूपमा औंल्याएको विषयमा छानबिनको प्रक्रिया अघि बढिरहेको अवस्थामा प्रधानमन्त्री र नेपाल सरकारका जिम्मेवार व्यक्ति र निकायका विरुद्धमा जिम्मेवार व्यक्तिहरूबाटै अमर्यादित अभिव्यक्ति दिने, गालीगलौच गर्ने र गलत आक्षेप लगाउँदै छानबिनको प्रक्रियालाई प्रभावित गर्नेगरी भ्रम सिर्जना गर्ने र अस्वस्थ वातावरण सिर्जना गर्ने काम हुनु अत्यन्त दुःखद विषय भएको उल्लेख गरेको छ ।

'फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई स्वतन्त्र भयरहित र वैज्ञानिक बनाई फौजदारी न्याय प्रणालीको प्रभावकारिता बनाउनु सबैको साझा दायित्व हो । न्यायिक प्रक्रियालाई स्वस्थ, निष्पक्ष र विधिसम्मत ढंगले अघि बढाउन राजनीतिक दल, सञ्चार जगत, सरकारी तथा गैरसरकारी निकाय एवं नागरिक समेतको सकारात्मक सहयोगको आवश्यकता पर्दछ । सबै पक्षको सकारात्मक सहयोगबाट नै अनुसन्धानको प्रक्रियालाई प्रभावकारी बनाई दोषी नउम्कने र निर्दोष कोही पनि नफस्ने कुराको सुनिश्चिता गर्न सकिन्छ' महासचिव पोखरेलद्वारा जारी विज्ञप्तिमा छ ।

नेपालको सार्वभौम संसद्ले गठन गरेको सहकारी संस्था बचत रकम दुरुपयोग संसदीय छानबिन विशेष समितिको प्रतिवेदन कार्यान्वयनको प्रक्रिया अघि बढिरहेको अवस्थामा छानबिन र अभियोजनको कामलाई नै प्रभावित गर्नेगरी राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका संस्था र व्यक्तिहरूका तर्फबाट भइरहेको आवाञ्छित गतिविधि गरिरहेको एमालेको भनाइ छ । 'संसद्रुमा रहेका प्रमुख दलहरूको संलग्नतामा बनेको कार्यदलको सर्वसम्मत प्रतिवेदनलाई प्रतिनिधिसभाले ग्रहणगरी सरकारलाई कार्यान्वयन गर्न निर्देशन गरेको थियो । उक्त प्रतिवेदनका आधारमा किटान गरिएका व्यक्तिहरूका सन्दर्भमा भइरहेको अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियालाई सहयोग गर्नु

➲ बाँकी अन्तिम पेजमा

## सशस्त्र प्रहरीका दुई सहायक हवल्दार पक्राउ

●राप्तीपोष्ट समाचारदाता

दाङ, ८ कात्तिक । देउखुरीमा दुई बालिका बलात्कारको आरोपमा सशस्त्र प्रहरीका दुई सहायक हवल्दार पक्राउ परेका छन् । सशस्त्रको कार्यालय बाहिर पिङ हालेको स्थानमा लगेर बलात्कार गरेको खुलेपछि दुई जना पक्राउ परेका हुन् ।

गत असोज २४ गते पिङ खेल्न गएका ८ वर्षीया र १४ वर्षीया बालिकालाई सशस्त्र प्रहरीका सहायक हवल्दार भरत रोका मगर र रेवन पचभैया मगरले बलात्कार गरेको अनुसन्धानबाट खुलेको छ । दसैंका बेला पिङ खेल्न गएका ती दुई बालिकालाई २९ नं. ज्वालामाई गणमा कार्यरत उनीहरुले बलात्कार गरेको स्थानीयले आरोप लगाएका थिए ।

सशस्त्र प्रहरीका कर्मचारीहरुले बलात्कार गरेको थाहा पाएर स्थानीयले बुधबार गणलाई घेराउ गरेका थिए । यसअघि ती दुई बालिका बलात्कार भएको विषयमा पटक-पटक आफन्तहरुले गणका एसपी रमेश थापालाई उजुरी गरे पनि ढाकछोप गर्न खोजेको स्थानीयको आरोप छ । असोज २४ गतेदेखि ढाकछोप गरेर राखेको कारण उनीहरु पक्राउ पर्न ढिलाइ भएको थियो ।

तर, स्थानीयको आरोपपछि उनीहरु दुवै जनालाई पक्राउ गरी नेपाल प्रहरीलाई बुझाइसकेको सशस्त्रका सह प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिउनुभयो । उहाँले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

दाङको सान रुन्टी ब्राण्ड सामान !

हामीकहाँ गुणस्तरिय हापुर ट्वाइलेट क्लिनर, कालो फिनायल, सेतो, फिनायल, भाँडा माझ्ने सावुन, हात धुने सावुन, लुगा धुने सावुन, नुहाउने सावुन, डिटजेन्ट पाउडर, ग्लास क्लिनर, टायल तथा मार्वल क्लिनर र गाडी धुलाइका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री उत्पादन गरिन्छ ।

उत्पादकः प्रभु लघु उद्योग घोराही-१५ दाङ

फोन नं. ९८५७८३०५०४

# राप्ती पोष्ट
-राष्ट्रिय दैनिक-

**राप्ती पोष्ट दैनिकका लागि**

प्रकाशक/सम्पादक : शरद अधिकारी (९८५७८३०२९९)
कार्यकारी सम्पादक : भुवन देवकोटा
व्यवस्थापक: जीवन अधिकारी
प्रवन्धक : विनु दहाल
सल्लाहकार : पद्मप्रसाद शर्मा
कानुनी सल्लाहकार : तुफानबाबु श्रेष्ठ


कार्यालय
शिक्षाशाखा रोड घोराही १५, दाङ फोन नं. : ०८२-५६३४५६
Email : raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२९५४०६०९
लमही शाखा सम्पर्क : श्रवण बस्नेत ९८४७८४०३२०,
सल्यान सम्पर्क: ९८४७८४४२५०,
रुकुम सम्पर्क: ९८४४९०३३६२,
प्यूठान सम्पर्क : ९८४७८७७३३३,
रोल्पा सम्पर्क : ९७४८५२६६२५,
भालुवाङ सम्पर्क: ९८४९१४३४६९,
पुरन्धारा सम्पर्क ९८४७८३०७२७
नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,
मुद्रक : गायत्री अफसेट प्रेस, घोराही दाङ


## कविता

गोविन्द रिजाल

# बा



बा
आज
सुनाइदेऊ न त्यो
संघर्षको कथा
सुनाइदेऊ न ती
फाटेका पैतालाको
कथा
सुनाइदेऊ न त्यो
मुस्कान पछाडिको
व्यथा
परिवारको जिम्मेवारीको
भारी बोक्दाबोक्दै
शरीरसँगै थाकेको त्यो मनको कथा
पसिनाले निथ्रुक्क भिजेको त्यो जीउको कथा
त्यो शिरको केशसँगै निधारका रेखा मेटिएका कथा
कुटो कोदाली गर्दै ती हातका रेखासमेत मेटिएका कथा
छोराछोरीको भविष्य हेर्दाहेर्दै कमजोर भएका आँखा
ती आँखाले आफ्ना लागि सपना देख्न छोडेको कति भयो बा ?
आज सुनाइदेऊन बा
आज आजाद गरिदेऊन बा
ती कैद गरेर राखेका सपनाहरुलाई
जिम्मेवारीको भारी एकछिन चटक्क छोडेर
आफ्नालागि बाँचिदेऊन बा
अरुको
दुःख-पीडा, पीर-चिन्ता त्यागेर एक पललाई सही
आफ्नो लागि बाँचिदेऊन बा
हाँसिदेऊन बा,
नाचिदेऊन बा,
केवल आफ्नो लागि बाचिदेऊन बा

जीवन के हो ?
कुनै विद्यालय, विश्वविद्यालयले सिकाउन सकेन
अब जीवन के हो आफैँ सिकाइदेउन बा
जीवनरुपी संघर्षको मैदानमा लड्न सिकाइदेऊन बा
जीतलाई मात्रै हैन, हारलाई नि स्वीकार्न सिकाइदेऊन बा
हजारौं पीर चिन्ता लुकाएर कसरी हाँस्ने सिकाइदेऊन बा
सानो दुःखले अहिले नै हारिसकें, थाकिसकें म त
अलि कति त्यो हिम्मत र साहस मलाई पनि देऊन बा
जिम्मेवारीको भारी कसरी बोक्ने सिकाइदेऊन बा
लडाउने , गिराउने, पछार्ने, खुट्टा तान्नेहरुको कमी छैन यहाँ
हजारौं पटक लडेर नि फेरि उठेर हिँड्न सिकाइदेऊन बा
कुरा सुन्दा लाग्छ, सबै आफ्नै हुन्
को आफ्नो को पराइ चिन्न सिकाइदेऊन बा
बा मान्छे चिन्न सिकाइदेऊन
अरुका लागि, आफ्नाहरुका लागि बाँच्न सिकाइदेऊन बा
अरुको खुशीको लागि आफ्नो खुशी त्याग्न सिकाइदेऊन बा
बा,
बाको परिभाषा के हो ?
आज सिकाइदेऊन बा ।
बाजुरा, दोगडी

## क्लासिक कथा

# छिमेकी





गुरुप्रसाद मैनाली

असारको महिना थियो । दिउँसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलामुनि आसामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेंसीको फाँट । निकै रमाइलो ठाउँ थियो ।

किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थे । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे पसलका डीलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्षदिनलाई अन्न, वस्त्र, नून, तेल पुर्‍याउन सके पुगेको थियो ।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए; वीरसिक्का पढ्थे; गाउँको बुजुक हुँ भन्ने घमन्ड गर्थे; मानिसलाई लडाएर तमाशा हेर्ने स्वभाव थियो । एकछिनपछि गुमानेका गोरु धनजितेका बीउमा पसे । आज-भोलि रोप्नुपर्ने बीउ, धनजिते आगो भो । घुम भैंमा मिल्काएर गोरुलाई लगारी-लगारीकन चुट्न लाग्यो ।

किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु बस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । बीउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रीसको सीमा रहेन । असार महिनाको दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन् । जुरुक्क उठेर भन्यो- "बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस्, ए धनजिते !"

आजभोलि रोप्ने बीउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सही नसक्नुभो । पाखुरा सुर्कंदै भन्यो- "तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर !"

धर्मानन्दलाई लडाउने मौका पायो । सुर्तीको लुँडो निमोठ्दै भने- "कस्तो मिचाहा भोटे रहेछ; बिहानभरि जोतेका भोका गोरुलाई आफैं कुट्छ, अझ उही चोर र सोर उड्कन्छ ।" गुमानेका कनसिरी अघि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन्, "किन मुख छोड्छस्, ए धनजिते डाँकू !" भनेर हात मिसिहाल्यो ।

धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुवै जना लठारिँदै चौतारीमुनि पुगे । तमाशा हेर्नेको ठट लाग्यो । धनजितेले गुमानेलाई लगेर कुलामा पछार्‍यो । गुमाने ढाक्रेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइलागेको थियो, धर्मानन्दले छेके ।

गुमाने दौराको फेर निचोर्दै पसलका डीलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो- "बाबुले धुलिखेलेको भारी चोर्‍यो र तीन दिनसम्म छिंडीमा जाकेथ्यो, ठूलो हुन्छस् !"

"काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !"

बाबुआमा, दिदीबैनी कसैको इज्जतहुर्मत बाँकी रहेन; साँझ परेपछि पनि बाझ्दै उकालो लागे ।

चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भो । बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिंड्थ्यो ।

२

भदौका आधाआधीतिर गाउँमा आँठे पर्‍यो । पैले एक-दुई दिन रुगा लागेजस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्गे जरो आउँथ्यो, चार-पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो । आठ दिनका दिन खत्तम ।

गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो । भन्थ्यो- "देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ । परार रगतमासीले गाँवै सोतर भो । गाउँका थानीको आजापूजा गरूँ भन्दा 'सिमेभूमे पूजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।"

गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धूमधामसँग पूजा गरे ।

पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजितेलाई समात्यो । तीन दिनपछि स्वास्नीचाहिं लडी । एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजिते बरबराउन लागेको थियो । पानीसम्म खान दिने मानिस कोही थिएन । सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस् ? गाई, बाखा कीलाका कीलै टट्टिएर मर्न लागे । फोएर पाखातिर लाइदिने मानिस कोही भएन ।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन । परन्तु जब स्वास्नीसमेत थला परी अनि गुमानेको चित्त रहन सकेन; विचार गर्‍यो- "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओडारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै न हो । दिनदशा, आपत्विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैं यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौंतर हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?"

गुमाने धनजितेकहाँ पुग्यो, गाई, बाख्रा फोएर पाखातिर लाइदियो । धनजिते मूढो लडे उत्तानो परेर लडिरहेको थियो । दिसापिसाबको होश थिएन । ओढ्ने ओछ्याउने फेरिदियो; गुमानेले एकछिन छोडेन ।

३

मिर्मिरे उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आसामरु साहू आइपुग्यो । एकाबिहानै आसामरुलाई देखेर गुमानेले भन्यो- "कति कामलाई उकालो लाग्यौ, साहू ?"

"पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई शहर जाइडिन्ठिस् कि ?"

"छिमेकमा यो बिजोक भैरहेछ, क्यै काम नपाएर जान्छु भारी खेप्न !"

"रोज रुपियाँ डिन्छ लाता ।"

"के रुपियाँको लोभ देखाउँछौ साहू, गरीब छु, निमेकमजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिंडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँला; धनजितेका झैं चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ ।"

"इस्, छिमेकी ! अस्टि चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास् ।"

"यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीं गोडा लाग्छ । नाइँ झगडा भो भन्दैमा धर्म छाड्नुहुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ ।"

आसामरुको र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघार्‍यो । धनजितेले हेरेको देखेर गुमानेले भन्यो- "कस्तो छ माहिला दाइ ?"

"मो मार्छ कि कान्जा, ताँ कोइले आइस् !"

"पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्नेस्वास्नी लडिहाल्यौ । गाईबाख्रा भोकभोकै कराउन थाले; बिजोक हेर्न सकिनँ, दौडेर आएँ । तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ !"

"पोलेको घाउमा नून ना छार् कान्जा, मो आधाम हो, क्षामा ग" धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एकछिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुवै जना सँगै जान्छन् । आजकल कसैले गुमानेको बद्खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अघि सर्छ ।

(गुरुप्रसाद मैनालीको कथासंग्रह 'नासो'बाट)

## संस्मरण :

# बाढी र बसाई

मधुर भट्टराई

साउने झरी भर्खरै थामिएको थियो तर निखिसकेको थिएन । साउन महिनाको अन्तिम खुट्किला तिर उक्लिंदै गरेकोले हरियालीको सघनता चारैतिर गाढा थियो । बारीमा मकैका पातमा पानीको थोपा टप्किंदै प्राकृतिक संगीत हावाभरि फिंजिन्थ्यो । रेडियोमा मास्टर रत्नदास प्रकाशको उही पुरानो गीत, "झमझम पानी पर्‍यो'" बारम्बार गुञ्जिरहेको थियो ।

खेतीपातीको काम लगभग सकिसकेकोले गाउँ शान्त थियो । सबैजना आ, आफ्ना घर गृहस्थीको छेउकुना मिलाउँदै हुँदा हुन् शायद । हाम्रो घर गाउँको पुछारमा पर्दथ्यो । पुछारमै भए पनि चौरतिर निस्कने र पथलैया बजार जाने बाटो हाम्रो घर छोएर निस्किन्थ्यो ।

गाउँमा असार, साउन एउटा पिलो भएर आउँथ्यो । किनकि गाउँदेखि पश्चिममा अवस्थित रातु खोला बर्खामा गाउँ पस्न हतारिए झैं पूर्वको डीलमा सिडौरी खेल्न थालेको थियो विगत केही वर्षदेखि । सबै जनालाई डर एउटै मात्र थियो कि यदि यो रफ्तार निरन्तर चलिरहने हो भने पानीढलो भएर बाढी सिधै गाउँमा धावा बोल्नेवाला थियो । यसबाट अरू चिन्तित भए पनि हामी भने कुनै नौलो घटनाको परिणाम सोचेर उत्साहित थियौं । नजिकै कुनै ठूला नेता वा सांसद आउने छनक पाएपछि बुवा र गोपीदाइहरू तटबन्ध गरिपाऊँ भनेर लामालामा ज्ञापन पत्र लेख्नुहुन्थ्यो र सारा गाउँलेको सहीछाप गराएर बुझाउनु हुन्थ्यो । तर कतैबाट खुद्रे आश्वासन बाहेक केही हात लागेको थिएन ।

त्यो खोला रातुको मूल खोला नभएर भोटेखोला थियो जुन रातुकै प्रशाखा थियो । अग्रजहरूले बताए अनुसार त्यो एउटा सानो पैनी थियो वर्षातमा सिंचाइ गर्ने उद्देश्यले स्थानीय भोटेहरूले बनाएको तर कालान्तरमा त्यो पैनीको बाटो नै खोला सोझिएर भोटे खोला हुन पुग्यो । त्यसैले रातुखोला र भोटेखोला पर्यायवाची थिए स्थानीयको जन जिब्रोमा । तर यो नितान्त बर्खे खोला थियो ।

हरि, केशव र म लगायत खोलासँगको हाम्रो सम्बन्ध अरूभन्दा विशेष थियो । फुर्सद हुने बित्तिकै हाम्रो खुट्टाको चाल त्यतैतिर सोझिन्थ्यो । खोलाको काँशघारीमा बट्टाईको गुँड खोज्नु, किराँती जुधाउनु, बाढीमा पौडनु हाम्रा नियमित तर सर्वप्रिय काम थिए ।

"ओइ !", मैले बोरा च्यातेर बनाएको प्वालबाट भित्र चियाएँ र बोलाएँ । हरि र केशव दाजुभाइ ग्वालीभित्र गोबर सोहोर्दै ढाकिमा हाल्दै रहेछन् ।
"खोलातिर जाने हैन ?" मैले जवाफ पर्खें ।
"जाने'. एकछिन है..", हरिले जवाफ दियो ।

खोलातिर जानुको विविध कारणहरू थिए । त्यसबेला किन खोलातिर जान प्रस्ताव राखें त्यसको छनक उनीहरूले पाइसकेका थिए । हतारो थियो तैपनि पर्खिएँ । मलाई चाँडै निवृत्त हुनुथियो । भर्खरै खाएको खानाले दबाब सृजना गर्न थालिसकेको थियो । हुन त शौचालय घर छेउमै थियो तर शौचालय साँघुरो र पानी बोकेर जानुपर्ने हुँदा झन्झटिलो लाग्थ्यो । एकदिन बुवाले शौचालयको छानामा लुकेर बसेको करेत सर्प मारेर लट्ठीमा झुन्ड्याउँदै ल्याउनुभएको देखेपछि अति आकस्मिक बाहेक त्यहाँ जान दकस लाग्न थाल्यो ।

उनीहरूको ग्वालीछेउमै सानो बयरको बोट थियो । बोटमा कलिला बयरहरू छ्पक्कै थिए । मैले रोइरहनुभन्दा गाइरहनु बेस भन्ठानेर काँचा बयर चपाउन थालें । एकछिन पछि दुवै हात धोएर आइपुगे ।

हामी छड्के बाटो हुँदै चौर निस्कियौं । चौरबाट केही मिनेट जतिको दूरी हुँदो हो हाम्रो मुकाम पुग्न ।
मैले प्रस्ताव राखें - "लु दौडौं ।"

हामी मृगको चालमा बताससँगै खोलामा पुग्यौं ।

समानान्तर दूरीमा बसेर हामी व्यस्त हुन थाल्यौं । यो हाम्रो नियमित आकस्मिकता एक अंश जो थियो । छेवैबाट खोला तीव्र गतिमा बगिरहेको थियो । बिहान मात्र खोलाको शिरतर्फ पानी परेकोले धमिलो थियो र पानीको घनत्व पनि ज्यादा थियो । केशवले आकाशतर्फ नियाल्दै भन्यो , "लौ हेर त बादल त खोलाको शिरतिर पो जाँदैछ त भरे ठूलो बाढी आउने भो ।"
हामीले देख्यौं काला न काला बडेमानको अजिङ्गर लठारिए जस्ता भयानक बादलका भीमकाय झुन्ड उत्तरतिर हतार हतार जाँदै थिए । हामीले प्रायः बादल कि त पूर्वबाट पश्चिम या पश्चिमबाट पूर्वतर्फ गएको देखेका थियौं । यो परिदृष्य हाम्रो निम्ति सर्वथा नौलो थियो ।

सानाठूला निरन्तरको बाढीले गर्दा होला खोलाभरी बडेमानका ढुङ्गाहरू बिस्कुन सुकाएझैं फिंजारिएका थिए । हेर्दाहेर्दै खोलाको आकार निक्कै बढिसकेको थियो । हरि र केशवको खेतमा खोला कुद्न थालिसकेको थियो ।

हाम्रो बडाबाको घर तुलनात्मक रूपमा उच्च भूभागमा थियो । त्यसैले वरिपरिकाहरू त्यतै जम्मा हुन थाले । हाम्रो भान्सामा पकाएका खाना लगायत अन्य भाँडाकुँडा बगाएर लगिसकेको रहेछ । हामी पनि कम्मरसम्म आइपुगेको पानीमा हेलिंदै बडाबाको आँगनमा पुग्यौं । त्यहाँ धेरै छर छिमेकीका मान्छेहरू जम्मा भइसकेका रहेछन् भने कोही अझै आउँदै थिए । त्यहाँदेखि पश्चिम तर्फ हेर्दा समुद्र त्यहाँ बेग्लै रवाफमा हिंडिरहेको थियो ।

हेर्दाहेर्दै ठाडो डगरको भेलमा एउटा परालको टाल बग्दै आयो, त्यसलाई पछ्याउँदै एउटा घुम, जुवा, केही कपडाहरू, चप्पल र केही भाँडा पनि बग्दै आएको देखियो । हामी केही उत्साहित र केही दुखित हुँदै बग्दै आएका सामानको गन्ती गर्न बाहेक केही सकिएन ।

आफ्नो बालीनाली र घर गोठको चिन्ताले सबैजना व्याकुल देखिन्थे । कोही बलियाहरू आकस्मिक सहयोग र उद्धारको निम्ति तैनाथ थिए । के होला र कसो गर्ने भन्ने प्रश्न पेचिलो भएर आयो त्यहाँ । कसैले के भने कसैले केही । ठोस निष्कर्ष निस्किने अवस्था भएन । दिन त्यसै अलमल र छलफल मै बित्यो । तर त्यो सामूहिक जमघट र खानापानमा व्यक्तिगत भन्दा सामूहिकताको भावना प्रगाढ देखिएको थियो । संकटको यो सौन्दर्य हामीले गहन रूपमा अनुभूत गर्यौं ।

दिन ढल्दै गयो । पानी पनि क्रमशः थकाइ मार्न थाल्यो । स्वाभाविक रूपमा यो बर्खे खोला थियो । पानी थामिएपछि छिट्टै नै घट्छ र भयो त्यस्तै । अलिकति बादल पन्छाएर पश्चिम दिशाबाट घाम मुसुक्क हाँस्यो । घामको मुस्कानले पानी फतक्कै गल्यो र सतह घट्दै जान थाल्यो । शायद खोलाको शिरतिर पानी पर्न छोडेको थियो । तर यता भने घरीघरी पर्ने सिमसिमे पानीले धर्ती ओभानो हुन दिएको थिएन । साँझ पर्नु अगावै त्यो आततायी समुद्र केही जँघारहरूमा रूपान्तरित भएको थियो । बाढीको सम्भावित उपद्रवको प्रारम्भिक आँकलन हुन बेर लागेन ।

गाउँभरिका मानिस अरूभन्दा पनि बाढी कहाँबाट पस्यो भन्ने कौतुहलताले सकसकाएर हुँदो हो थोत्रो छाता घुम च्याप्दै खोलातिर हान्निन थाले । हामी पनि पछि लाग्यौं । बालीनाली सखाप पारेर बालुवाले छोपेछ । खेतबारी भरी काठ दाउरा असरल्ल । खोलाको पानी केही घटेको भए पनि किनारमा उभिएर हेर्दा माथिमाथि उठेका छालहरूको घमासान युद्ध जारी थियो भने चौडा खोलामा पानी महासागरको अवतारमा प्रकट भएको थियो । किनाराको ढिस्कना पानीले पलपलमै खसालिरहेको थियो । सारा गाउँ खोलाको किनारमा थियो । कोही बलिया बाढीमा बगेर आएको काठ तान्न उद्धत हुँदै थिए ।

पानी केही दिनसम्म परिरह्यो तर सिमसिम मात्र । खोला पनि संग्लिंदै जान थाल्यो । खोलासँगै पीडाले विक्षिप्त मनहरू पनि संग्लिन लागे । गाउँको जीवन सामान्य लयमा फर्किन केही समय लाग्यो तर फर्कियो । उत्तरी दिशामा कालोमैलो हुने बित्तिकै उही त्रास छातीभरि मडारिन थाल्यो ।

"जाने नैं हो त बसाइँ ?" बुवाको प्रश्न थियो ।

"जाने भए जौं न त यो ठाउँमा बसेर पार लाग्ला जस्तो छैन ।" सबैको निचोड थियो ।

त्यसपछि आवश्यक अन्य तयारी गरेर त्यही साल उत्तर तिरको अलि अग्लो स्थानमा योजना मुताबिक जग्गा सट्टापट्टा गर्यौं । हाम्रो घर बनाउने जिम्मा मिस्त्री छेदीलालले लिने भयो भने काका, बडाबाको घर बनाउने जिम्मा गाउँकै मसिने कामीले । हिउँदभरि मै सबैको बस्न लायक घर तयार भयो र बिधिवत रूपमै साबिकको स्थानबाट नजिकै तर नयाँ स्थानमा स्थानान्तरण भयौं ।

र पहिलो पटक त्यस स्थानमा नयाँ वर्ष मनायौं । त्यो २०५२ सालको नयाँ वर्ष थियो ।


## शिक्षा खबर


# शिक्षामन्त्री भट्टराईद्वारा कार्यप्रगतिको जानकारी

●राप्तीपोष्ट समाचारदाता

काठमाडौं, ८ कात्तिक । शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले एक सय दिनमा गरेका कामको प्रगति सार्वजनिक गर्नुभएको छ । विहीबार कार्यप्रगति सार्वजनिक गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा भएका व्यवस्था मध्ये कम्तीमा एउटा व्यवस्था मंसिर भित्र पुरा गर्ने गरी काम भइरहेको बताउनुभयो ।

मन्त्रीको जिम्मेवारी सम्हालेको एक सय दिनमा गरेको कामको प्रगति बिहीबार सार्वजनिक गर्दै उहाँले कुन काम गरिरहेको हो भन्ने नखुलाएपनि शिक्षक दरबन्दी मिलानको लागि कति शिक्षक आवश्यक पर्छ भन्ने यकिन गर्ने कार्यदल गठन गरिरहेको जानकारी दिनुभयो । उहाँले ऐन कार्यान्वयन गर्न कार्ययोजना बनाएर कार्यान्वयन थालिसकेको बताउनुभयो ।

कार्य योजनालाई पूर्ण रुपमा कार्यान्वयन गर्न थालेका छौँ । दरबन्दी मिलान, विद्यालय कति चाहिन्छ ? कति चाहिँदैन ? निःशुल्क शिक्षा बनाउन बिनियोजन गरिएको स्रोतलाई कसरी परिचालन गर्ने भनेर कार्ययोजना बनाएका छौँ'उहाँले भन्नुभयो, 'मंसिरसम्म एउटा उपलब्धी हासिल गर्ने गरी अघि बढेका छौँ ।' संविधानले शिक्षालाई मौलिक हक अर्न्तगत राखे पछि उक्त हक कार्यान्वयनका लागि २०७५ सालमा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन जारी गरिएको थियो । तर, यतिका बर्ष सम्म पनि संविधानले तोकेको अधिकार कार्यान्वयन भएको छैन ।



**शिक्षा मन्त्री विद्या भट्टराईले एक सय दिनमा गरेको प्रगति विवरण**

१: स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा राष्ट्रिय प्रारूप स्वीकृत भई कार्यान्वयनमा रहेको ।
२: अनिवार्य तथा निःशुल्क शिक्षाको तिनै तहका सरकारको जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तयार भएको ।
३: माध्यामिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने सरकारको सोच अनुरूप कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको ।
४: विद्यालय तहको परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधारको कार्ययोजना तयार भएको ।
५: विश्वविधालयको विधेयकको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्रुमा पठाइएको ।
६. उच्च शिक्षा विधेयकको मस्यौदा तयार गरी नेपाल कानुन आयोगमा पठाइएको ।
७: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विधेयकको मस्यौदा अर्थ मन्त्रालयको सहमतिका लागि पठाइएको।
८: ९२४ ओटा शैक्षिक परामर्श सेवा प्रदायक संस्थाहरूको नवीकरण गरिएको, उक्त संस्थाहरूको आवश्यकताअनुसार आकस्मिक निरीक्षण अनुगमन गर्ने र नवीकरण पत्र दिँदा स्वीकृति पत्र, राजस्व समेतका कागजातको परीक्षण गर्ने निर्णय गरिएको ।
९. रेडियोधर्मी पदार्थ तथा विकीरण सुरक्षा सम्बन्धमा मापदण्ड कार्यान्वयनका लागि ६ओटा स्वास्थ्य संस्थाको अनुगमन सम्पन्न भएको ।
१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम सुधारको खाका तयार भएको ।
११. विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरूबाट सञ्चालित उच्च शिक्षाका कार्यक्रमहरू व्यवस्थित गर्ने कार्ययोजना निर्माण भएको।
१२. ऋत्भ्ख्त का आङ्गिक शिक्षालयहरूबाट सरकारी अस्पतालसँग सम्झौता गरी मधेश, लुम्बिनी र कर्णाली प्रदेशमा फार्मेसी र नर्सिङको कक्षा सञ्चालन गर्ने गरी निर्णय भएको ।
१३. सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र साझेदारीका लागि सातै प्रदेशका सामाजिक विकास मन्त्री, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ सम्मिलित विषयगत समितिका तीनओटा बैठक सम्पन्न गरिएको ।
१४. मौजुदा विधालय शिक्षक दरबन्दीको पुनरावलोकन गरी अपुग दरवन्दीको विश्लेषण साथ प्रस्ताव गर्न कार्यदल गठन गरिएको ।
१५. शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ स्वीकृत गरी कार्यान्वयनमा रहेको ।
१६. प्राविधिक धार कक्षा (९-१२) मा अध्यापन गराउने शिक्षकहरूको बिषयगत योग्यता निर्धारण गरिएको ।
१७ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५०-५० सिट निर्धारण गरी :द्यद्यक कार्यक्रम सुरु गरिएको ।
१८ मागको आधारमा दुई हजार आठ सय ८४ जनाको सिप परीक्षण सम्पन्न भएको ।
१९. विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि ओपन डाटा प्लेटफर्मको अवधारणा पत्र तयार भएको ।
२०: विद्यालय तहको पाठ्यक्रम परिमार्जन कार्य थालनी भएको ।
२१: राष्ट्रिय परीक्षा बोर्डको पुनःसंरचना मार्फत समग्र परीक्षा प्रणालीमा सुधारका लागि सुझाब पेस गर्न कार्यदल गठन गरिएको ।
२२ प्रारम्भिक बाल कक्षाको समयावधि र निजी विधालयद्वारा लिने गरेको शुल्कलाई व्यवस्थित गर्न सुझाब कार्यदल गठन भएको ।
२३ पुस्तक नीतिको मस्यौदा स्वीकृतिको चरणमा रहेको ।
२४: १२ ओटा राष्ट्रिय सिप प्रमाणिका/राष्ट्रिय दक्षता प्रमाणिका निर्माण कार्य सम्पन्न भएको ।
२५. विद्यार्थीका लागि खुला तथा अनलाइन सिकाइको अवसर अभिवृद्धि गर्न दूर शिक्षा तथा खुला सिकाइ र सूचना प्रविधिको प्रयोगसँग सम्बन्धित सिकाइ चौतारीलाई व्यवस्थित गरी गरिएको ।
२६ सबै स्थानीय तहले एक वर्षभित्र स्थानीय तहको शिक्षा योजना तर्जुमा गर्नका लागि प्रशिक्षक प्रशीक्षण कार्यक्रम सञ्चालन गरिएको ।
२७. मातृभाषामा शिक्षासम्बन्धी मापदण्डको मस्यौदा तयार पारिएको ।
२८. दृष्टिविहीन बालबालिकालाई निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, बाल बिकास केन्द्रका सहजकर्ताका लागि बुटक्याम्प तालिम सञ्चालन, मेगा किचन सञ्चालन र बालबालिकाका लागि अनलाइन तथा श्रव्यदृश्य सामग्री विकासका लागि कार्यविधिका मस्यौदा तयार पारिएको ।
२९. विद्यालय व्यवस्थापन समिति मार्फत विद्यालय पुनर्निर्माण कार्यविधि २०८१ स्वीकृत भई जिल्लागत कोटा निर्धारण गरी रकम पठाउने णमा रहेको ।
३०. विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० लाई विनियोजन ऐन, २०८१ बमोजिम परिमार्जन गरिएको ।
३१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम सुधारसम्बन्धी अध्ययन कार्यदलबाट प्रतिवेदन प्राप्त भई कार्यान्वयनको चरणमा रहेको ।
३२. विश्वविद्यालयहरूको व्यबस्थापन, गुणस्तर र भौतिक सुधारका लागि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र सम्पूर्ण विश्वविद्यालयसँग छलफल गरी सुधारको कार्य सुरु गरिएको, सामुदायिक क्याम्पसका शिक्षकको स्तर निर्धारण गरिएको ।
३३. असोज ११/१२ को वर्षाबाट प्रभावित विद्यालयहरूको क्षतिको विवरण संकलन गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट कात्तिक ५ गतेभित्र र प्रदेश शिक्षा विकास निर्देशनालयबाट सो सम्बन्धमा द्रुत सर्वेक्षण गरी कात्तिक मसान्तभित्र प्रतिवेदन पेस गर्ने गरी निर्णय गरिएको ।
३४. विपद् व्यवस्थापनका लागि प्रत्येक प्रदेशका शिक्षा हेर्ने मन्त्रालयमा विनियोजित रु २ करोड र प्रत्येक पालिकामा विनियोजित ४-६ लाखसम्मको बजेटबाट तत्कालीन रूपमा विद्यालयको सरसफाइ र वैकल्पिक सिकाइ व्यवस्थालगायतका काम तुरुन्त प्रारम्भ गर्ने गरी योजना बनाइएको ।
३५. श्रमबजारको मागका आधारमा प्राविधिक शिक्षालयको नक्साङ्कनका लागि काम अघि बढाइएको ।
३६ मुगु जिल्ला साक्षर जिल्ला घोषणा भई साक्षर घोषणा हुने जिल्लाको सङ्ख्या ६५ पुगेको ।
३७. जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट प्रभावित विद्यालयको पुर्ननिर्माणको लागि प्रक्रिया अघि बढाइएको।
३८. सिटीइभिटीका सम्बन्धमा प्राप्त गुनासाको तत्काल सम्बोधन गर्नका लागि संयन्त्र तयार गरिएको ।
३९. पाठ्यक्रम विकास केन्द्रबाट प्रदान गरिने समकक्षता प्रमाणपत्र अनलाइन आवेदन पेस गरेपश्चात् लाग्ने १८ दिनको अवधिलाई घटाएर पाँच दिनभित्रै प्रदान गरिने व्यवस्था गरिएको ।
४०. चिकित्सा शिक्षा आयोगका विभिन्न प्रवेश परीक्षामा कक्षा १२ को नतिजा प्रकाशन नहुँदै फाराम भरेका र नतिजामा नन ग्रेडेडमा परेका विद्यार्थीले फारम भर्दा तिरेको शुल्क आयोगवाट फिर्ता गरिएको ।
. ४१ त्रिभुवन विश्वविद्यालयले आगामी वर्षदेखि वार्षिक परीक्षा प्रणालीअनुसार सबै सङ्कायहरूको स्नातक तहका प्रश्नपत्रहरू तयार गर्दा अङ्ग्रेजी र नेपाली दुवै भाषामा तयार गर्ने निर्णय गरेको ।
४२: कक्षा १० उत्तीर्ण गरेका विद्यार्थी मध्ये दुई हजार पाँच सय जनालाई औद्योगिक प्रशिक्षार्थी तालिम प्रदान गर्न प्रवेश परीक्षा सञ्चालनका लागि सूचना प्रकाशन गरिएको ।

## ज्ञानदिप....

एकेडेमिक कोर्डिनेटर शरद गौतमले उक्त अवार्ड ग्रहण गर्नुभएको थियो । कलेज उत्कृष्ट नतिजाकै आधारमा देशमै उत्कृष्ट ७ औ स्थानमा पर्न सफल भएको थियो । अवार्ड कार्यक्रममा देशैभरिका कलेजहरूको सहभागिता रहेको थियो । कलेजले विभिन्न समयमा उत्कृष्ट अवार्डहरू प्राप्त गर्दै आएको छ । पश्चिम नेपालमै उच्च व्यवस्थापनका साथ सञ्चालन भइरहेको कलेजले विभिन्न समय र सङ्कायमा उत्कृष्ट नतिजा ल्याउने गरेको छ ।


## खेलकुद खबर


# साफ च्याम्पियनसिप फुटबल भारतलाई हराउँदै बंगलादेश समूह विजेता

●राप्तीपोष्ट समाचारदाता

काठमाडौँ, ७ कात्तिक । राजधानीमा जारी साफ महिला च्याम्पियनसिप फुटबलमा भारतलाई पराजित गर्दै बंगलादेश प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा भारतलाई ३-१ गोलअन्तरले पराजित गर्दै बंगलादेश समूह 'ए' को शीर्ष स्थानमा रहँदै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । बंगलादेशले दुई खेलबाट चार अङ्क बटुल्दै समूह ए को शीर्षस्थानमा रहेको हो । समान खेलबाट तीन अङ्क जोडेको भारत पनि समूह ए को उपविजेता बन्दै सेमिफाइनमा पुग्यो ।

पाकिस्तान भने प्रतियोगिताबाट बाहिरिएको छ । बंगलादेशलाई १-१ गोलको बराबरीमा रोकेको पाकिस्तान भारतसँग भने ५-२ ले पराजित भएको थियो । बंगलादेशको जितमा तोहुरा खातुनले दुई तथा अफिदा खन्दाकेरले एक गोल गरिन् । पराजित भारतका लागि भने बाला देवीले एक गोल फर्काइन् खेलको १९औं मिनेटमा बंगलादेशले सुरुआती अग्रता लियो । अफिदाले करिब सिक्स यार्डबाट प्रहार गरेको बलले जाली चुमेको थियो । त्यस्तै खेलको २९औं मिनेटमा बंगलादेशले आफ्नो अग्रता दोब्बर पार्न सफल भयो ।



लामो पासमार्फत आएको बललाई गोल लाइन नजिकबाट तोहुराले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाएकी हुन् । खेलको ४२औं मिनेटमा तोहुराले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरिन् । उनले सामसुनार जुनियरले मिलाइदिएको क्रसलाई सदुपयोग गर्दै गोल गरेकी हुन् । तोहुराले गोल गरको एक मिनेट पनि बित्दै नपाउँदै भारतकी बाला देवीले एक सान्त्वना गोल गरिन् ।

खेलको विभिन्न समयमा भारतले गोल फर्काउने प्रयास गरे तापनि सफल हुन सकेन । साफ च्याम्पियसिपअन्तर्गत आज शुक्रबार समूह बी का दुई खेल हुनेछन् । पहिलो खेल दिउँसो १:३० बजे भुटान र माल्दिभ्सबीच प्रतिस्पर्धा हुनेछ । त्यस्तै दोस्रो खेलमा साँझ ५:३० बजे नेपाल र श्रीलङ्का आमनेसामने हुनेछन् ।

**तीन खेलमा २५ गोल खायो माल्दिभ्सले**

साफ महिला च्याम्पियनसिप २०२४ मा भुटानले माल्दिभ्समाथि गोलको वर्षा गर्दै सेमिफाइनलमा स्थान पक्का गरेको छ । बिहीबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भुटानले माल्दिभ्सलाई १३-० गोलले पराजित गऱ्यो । भुटानको जितमा डेकी लाजोम एक्लैले पाँच गोल गरिन् ।

जितसँगै भुटान ७ अंक जोडेर समूह 'बी' को शीर्ष स्थानमा उक्लिएको छ । समूहको अन्तिम खेलमा नेपालले आज साँझ साढे पाँच बजे श्रीलंकाविरूद्ध खेल्दैछ । नेपालले समूह विजेता बन्न कम्तिमा पाँच गोलको अन्तरमा जित निकाल्नु पर्नेछ । यसअघि नेपालले माल्दिभ्सलाई ११-० गोलले पराजित गरेको थियो । पहिलो खेलमा श्रीलंकासँग १-० ले पराजित माल्दिभ्सले तीन खेलमा २५ गोल खादा कुनै गोल गर्न सकेन ।

यो समूहको विजेताले सेमिफाइनलमा समूह 'ए' को उपविजेता भारतसँग खेल्नेछ । उपविजेताले अर्को समूहको विजेता बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ । दुवै सेमिफाइनल आइतबार र फाइनल बुधबार हुनेछ । समूह 'बी' मा नेपाल दुई खेलबाट चार अंक जोडेर शीर्ष स्थानमा छ । दोस्रो स्थानको भुटानको पनि चार अंक नै छ । श्रीलंकाले तीन अंक जोड्दा माल्दिभ्स अंकबिहीन छ । नेपालले भुटानसँग बराबरी खेल्दा माल्दिभ्सलाई ११-० गोलले हराएको थियो ।

माल्दिभ्स बाहिरिदा अरु टोलीको सेमिफाइनल सम्भावना छ । नेपाल र भुटान बराबरीले अन्तिम चारमा पुग्नेछन् । जित निकाले दुवै टोलीको समूह विजेता हुने सम्भावना हुनेछ । हारले भने नेपाल र भुटान बाहिरिन सक्छन् । यता श्रीलंकालाई अन्तिम चारमा पुग्न खेल जित्नु पर्ने दबाब छ । बराबरी भए पनि श्रीलंका अन्तिम चारमा पुग्न सक्छ । पराजित भए भने श्रीलंका बाहिरिनेछ ।

# रवि र छवि थप सात दिन हिरासतमा

●राप्तीपोष्ट समाचारदाता

कास्की, ८ कात्तिक । कास्की जिल्ला अदालतले सहकारी ठगी र संगठित अपराधमा अनुसन्धानका लागि पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र पूर्व डीआईजी छविलाल जोशीलाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

बिहीबार न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले लामिछाने, जोशी र सोही प्रकरणमा पक्राउ परेकी लिला पछाईलाई आजैदेखि लागु हुने गरी थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । बिहीबार जिल्ला सरकारी वकिल कार्यालयकी न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायाधिवक्ताद्वय शान्तिदेवी शर्मा र विपिनराज तिवारी तथा कानून व्यवसायीहरू युवराज पराजुली र वेदबहादुर विष्टले बहस गर्दै थप २५ दिन हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने माग दाबी गर्नुभएको थियो ।

उहाँहरुले अनुसन्धानको क्रममा विभिन्न सरकारी कार्यालयहरू, संघसंस्था र बैंकहरूबाट कागजात माग गरिएको, तर प्राप्त भइनसकेको तथा बयानको काम समेत बाँकी रहेकाले थुनामै राखेर अनुसन्धान गर्नुपर्ने माग गर्नुभयो । लामिछानेकातर्फबाट वरिष्ठ अधिवक्ताहरू नारायण घिमिरे, हरिप्रसाद सुवेदी तथा अधिवक्ताहरू नारायण कँडेल, सांसदसमेत रहेकी सोविता गौतम, पदमराज शर्मा र मधुकुमार चौलागाँईले बहस गर्नुभएको थियो । त्यस्तै, जोशीका पक्षबाट अधिवक्ता जगन्नाथ ढकालले बहस गर्नुभएको थियो ।

बहसका क्रममा इजलाससमक्ष आफ्नो भनाइ राख्दै लामिछाने आक्रोसितरुपमा प्रस्तुत भएको बताइन्छ । रविले आफूले पटक-पटक परीक्षा दिइसकेको, तर आफूमाथि राजनीतिक प्रतिसोध साँधिएको दाबी गरेको बताइन्छ । केहीबेरमा सम्हालिएर रविले न्यायालयप्रति भने आफूलाई विश्वास रहेको बताएको प्रत्यक्षदर्शीको भनाई छ ।

**थाल ठटाउँदै विरोध**

यसैबीच रवि लामिछाने पक्राउको विरोधमा रास्वपा र समर्थकको आन्दोलन चलिरहँदा सहकारीका बचतकर्ताले रकम फिर्ताको दबाब दिँदै पोखरा बजारमा प्रदर्शन गरेका छन् ।

सूर्यदर्शन बचत पीडित संघर्ष तथा तदर्थ समिति तथा सहकारी बचत पीडित संघर्ष समितिको आव्हानमा उनीहरू थाल बजाउँदै सडकमा निस्किएका हुन् । प्रदर्शनकारीले जीवी राई, छवि जोशी र रविको तस्बिरअंकित ब्यानर राखेर थाल थटाउँदै बचत फिर्ताको माग गरेका छन् ।

गोर्खा मिडियामा लगिएको बचत फिर्ता गर्नुपर्ने, सहकारीको समस्यालाई फास्ट ट्र्याकबाट समाधान गर्नुपर्ने, गोर्खा मिडियाका सञ्चालकका विषयमा निष्पक्ष छानबिन गर्नुपर्ने माग राखेका छन् ।

# बेपत्ता आयोगमा योग्य व्यक्ति सिफारिस गर्न माग

●राप्तीपोष्ट समाचारदाता

घोराही, ८ कात्तिक । नागरिक समाज दाङले बेपत्ता पारि एका व्यक्तिको छानबीन तथा सत्यनिरुपण मेलमिलाप आयोगमा स्वच्छ, निष्पक्ष, इमान्दार छबि भएका तथा द्वन्द्वविदलाई सिफारिस गर्न ध्यानाकर्षण गराएको छ ।

समाजको संयोजक निमबहादुर थापाको अध्यक्षतामा बुधबार घोराहीमा बसेको नियमित बैठकले आयोगमार्फत गर्नुपर्ने काम कुशलतापूर्वक सम्पन्न गर्न सक्ने दक्ष व्यक्तिलाई सिफारिस गर्न सरकारको ध्यानाकर्षण गराएको हो ।

बजारमा बढ्दो महंगीका कारण उपभोक्ता मारमा परेको भन्दै बिना कारण मुल्य वृद्धि नियन्त्रण गर्न तर्फ ध्यान दिन जिल्ला अनुगमन समितिको ध्यानाकर्षण गराएको छ । अनुगमन समितिले मुल्य वृद्धिको कार ण खोज्नुभन्दा म्याद नाघेका बस्तुको बारेमा मात्रै अनुगमन गरेर उपभोक्ता मारमा पार्ने अवस्था रहेको समाजले ठहर गरेको छ ।

समाजले राप्ती गाउँपालिका १ भालुवाङमा असोज २४ गते सुरक्षा निकायको नजिकै आठ वर्षीया बालिकामाथि जबरजस्तीकर णीको घटना भएको दुई साता बित्दापनि घटनामा संलग्नमाथि कारबाही गर्न भईरहेको ढिलाई प्रति पनि ध्यानाकर्षण भएको जनाएको छ ।

यसैगरी सार्वजनिक मैदानको संरक्षण गर्न, खुला क्षेत्र पहिचान गरी जोगाई राख्न पनि समाजले स्थानीय तहको ध्यानाकर्षण गराएको छ । बढ्दो बेरोजगारी, आर्थिक मन्दीलगायत अवस्थामा सरकारले बन्द उद्योग, कलकारखाना संचालन गर्न ध्यान दिनुको साटो निजिकरण गरी बिक्रि गर्नेतर्फ सरकारको चासो देखिएको प्रति ध्यानाकर्षण भएको जनाएको समाजका सचिव नार ायणप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

## जरुरी फोन नम्बरहरू

प्रहरी
प्रहरी कन्ट्रोल १००
जिल्ला प्रहरी कार्यालय दाङ ५६०१९९
प्रहरी उपरिक्षक ५६२३६३, ९८५७८०५५५५, ९८५१२८०३९१, ९८०२५०३२५५
नगर (प्रहरी घोराही) ५६०९९९
इप्रका तुलसीपुर ५२००२०
इप्रका लमही ५४०१४०
इप्रका भालुवाङ ५८००८४
ट्रफिक कार्यालय ५६००४१
अंचल प्रहरी ५२०१९९
सशस्त्र प्रहरी बेस क्याम्प तुलसीपुर ५२१८९१

अस्पताल
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९
आयुर्वेद चिकित्सालय, विजौरी ५२०१०५
राप्ती प्रादेशीक अस्पताल, तुलसीपुर ५२००११
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
राप्ती आँखा अस्पताल रक्षाचौर ५२०१६५
ब्लड बैंक घोराही ५६१४६०
पशु सेवा कार्यालय ५६००२१
आँखा उपचार केन्द्र ५६०८०३
अपाङ्ग समाज सुधार केन्द्र फिजियो थेरापी केन्द्र तुलसीपुरः ९८४४९०२९३८
गोर्खा पब्लिक अस्पताल ०८२-५६३४१४

एम्बुलेन्स
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९, ९८४७८२६४२०, (ड्राइभर)
रेडक्रस, दाङ ५२००२२
लायन्स क्लव अफ तुलसीपुर ५२०८९९
(ड्राइभर ९८४७८९१०२७
ड्राइभर ९८४४९६७५५३)
देउखुरी उद्योग वाणिज्य संघ ५४०१०१
राप्ती सेवा संघ ५६२०७४
नेपाल भारत मैत्री संघ तुलसीपुर ५२१६१०
राप्ती प्रादेशिक अस्पताल ५२१०११
स्वास्थ्य चौकी सिसहनीया ६९२२२८
प्राथमिक स्वास्थ्य केन्द्र स्यूजा ९७४८५१७७०४
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
लायन्स क्लव तुलसीपुर ५२२३७६
प्रा.स्वा.के. श्रीगाउँ बागर ९७४८५२९९२३
नेपाल सामुदायिक विकास संस्था घोराही ५६१६१५
दाङ देउखुरी होटल व्यवसायी ५६२६२२
तुलसीपुर उद्योग वाणिज्य संघ ५२०८९३
उपस्वास्थ्य चौकी नारायणपुर ९८०६२८४९१९(ड्राइभर)
कमल बहुउद्देश्यि सहकारी ५२२६०३
गढवा स्वास्थ्य चौकी ड्रा.९८४४९३०८३३, ९९३८२१११४
घोराही हस्पिटल प्रा.लि. ०८२-५६३२९७, ९८५७८३२३३३
सुवास स्मृति उपभोक्ता सहकारी धनौरी ९८१२८०००२६
नेपाल आमा समूह : चालक.९८५७८३४९९०, ९८५७८३४९९१
रोल्पाली समाज सेवा, घोराही, दाङ चा.९८४७९५९६३०, ९८५७८३४७६०
विष्णुदेवी फाउण्डेशन : ९८६६९३०३२८

वारुणयन्त्र
घोराही ५६०४९९ लमही ५४०००३
तुल्सीपुर ५२०३०५

पार्टी कार्यालय
नेकपा (एमाले) ५६०२३०
नेपाली काँग्रेस ५६०२२९
राष्ट्रिय जनमोर्चा ५६०३८४
ए.नेकपा (माओवादी) ५६१६९२
नेकपा माले ९८४७८२७३९३

केही सरकारी कार्यालय
जिल्ला प्रशासन, दाङ ५६०१३३
घोराही उपमहानगरपालिका ५६०४७०
जिल्ला समन्वय समिति दाङ ५६००३८, ५६०१४४
जिल्ला अदालत ५६०२४५
जिल्ला जनस्वास्थ्य कार्यालय ५६२०३९
जिल्ला हुलाक कार्यालय ५६००२४
शिक्षा विकास तथा समन्वय इकाई ५६०००९
नेपाल टेलीकम घोराही ५६००४४
नेपाल टेलीकम तुल्सीपुर ५२००४४
नेपाल विद्युत प्राधिकरण ५६००३७
जिल्ला कृषि विकास कार्यालय टल फ्री नम्बर ६६०८२५६३३३

संघ संस्था/विविध
नेपाल पत्रकार महासंघ ५६१४९७
दाङ उद्योग वाणिज्य संघ ५६००६३
नेपाल वार एशोसिएसन ५६१४५३
घोराही वुकिङ काउन्टर ५६०४१५

सुनौं दाङलाई

रेडियो मध्यपश्चिम
९१.४ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
आवाज हिनको आवाज
पश्चिम नेपालको आवाज

रेडियो स्वर्गद्वारी
१०२.८ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म

रेडियो इन्द्रेणी
९२.४ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म
पल पलको साथी

रेडिये सञ्जीवनी
९१ मेगाहर्ज
विहान ५:३० देखि
राती १०:०० बजेसम्म

रेडियो झरना
८८.०० मेगाहर्ज
विहान ५:३० देखि
राती ११:०० बजेसम्म
हिमाल पहाड तराइको एउटै आवाज

रेडियो तुलसीपुर
१००.२ मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म

रेडियो प्रकृति
९३.४ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
नेपालकै पहिलो वातावरण मैत्री रेडियो

रेडियो हाम्रो पहुँच
८९.०० मेगाहर्ज
विहान ५:०० देखि
राती १०:०० बजेसम्म
गणतान्त्रिक नेपालको समावेशी आवाज

रेडियो हाईवे
१०३.५ मेगाहर्ज
विहान ५:०० देखि
राती ११:०० बजेसम्म
समावेशी विचारको समावेशी आवाज

रेडियो नयाँ युग
१०७.३ मेगाहर्ज
विहान ५:००-११:००
राती ३:००-११:००
सुशासन, न्याय र रुपान्तरण हाम्रो अभियान

रेडियो देउखुरी
१०५.८ मेगाहर्ज
विहान ५:००-११:००
राती ३:००-१०:०० बजेसम्म

रेडियो हापुरे
८९.४ मेगाहर्ज
विहान ५:०० देखि १२:१५
दिउँसो २:००- राती १०:०० बजेसम्म

रेडियो साझा आवाज
गढवा, देउखुरी

# शिक्षक संगठन बबईद्वारा शुभकामना आदानप्रदान कार्यक्रम

●रामप्रसाद सुवेदी

हापुरे, ८ कात्तिक । नेकपा एमालेका केन्द्रीय लेखा आयोग सदस्य सावित्रा विश्वकर्माले नेपाल राष्ट्रिय शिक्षक संगठन बिद्वानहरुको संगठन भएको बताउनुभएको छ। नेपाल राष्ट्रिय शिक्षक संगठन बबई समितिले आयोजना गरेको बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उहाँले बिगत देखि नै पार्टीलाई सफल बनाउन पार्टीको शुभेच्छुक संगठनका रुपमा शिक्षक संगठनको भुमिका महत्वपूर्ण रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन दाङका अध्यक्ष मिनराज शर्माले नेपाल राष्ट्रिय शिक्षक संगठन नेकपा एमालेको शुभचिन्तक सँगठन भएको बताउनुभयो। उहाँले शिक्षक संगठनमा आबद्ध शिक्षक, शिक्षिकाहरु सँगठनको विधान अनुसार अगाडि बढिरहेको दावि गर्नुभयो।

शर्माले १४ औं अधिवेशन मार्फत चयन भएको नेपाल राष्ट्रिय शिक्षक संगठन दाङको नयाँ कार्यसमितिलाई सफल बनाउन दाङ जिल्लाभरका सबै गाउँपालिका स्तरीय संगठनहरुको सहयोग र रचनात्मक सुझाव सदैव आवश्यक पर्ने बताउनुभयो।

नेपाल राष्ट्रिय शिक्षक संगठन बबईका अध्यक्ष टोपेन्द्र थापाको अध्यक्षतामा पुर्वहापुरे सामुदायिक बनको सभाहलमा सम्पन्न कार्यक्रममा शुभ दिपावलिको अवसरमा शुभकामना आदानप्रदान सँगै नेपाल राष्ट्रिय शिक्षक संगठन दाङको १४ औं अधिवेशन मार्फत चयन भएको नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई बधाई ज्ञापन समेत गरिएको थियो।

कार्यक्रमकै अवसरमा सिता कुमारी खड्काको संयोजकत्वमा सात सदस्यीय संगठनको बबई गाउँपालिका स्तरिय महिला विभाग र बालकृष्ण केसीको संयोजकत्वमा तीन सदस्यीय सुचना विभाग समेत गठन गरिएको छ। त्यस्तै धिरेन्द्र बहादुर डाँगीको अध्यक्षतामा वडा नम्बर २ र ३ को संयुक्त वडा स्तरिय शिक्षक संगठन तथा जानकी बुढाथोकीको अध्यक्षतामा वडा नम्बर ६ र ७ को संयुक्त वडा स्तरिय शिक्षक संगठन गठन गरिएको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठन बबईका सचिव सोभाराम वलीले सञ्चालन गरेको कार्यक्रममा बिशिस्ट अतिथि नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय प्रतिनिधि तथा दाङका निवर्तमान अध्यक्ष दोमोदर बस्नेत, नेपाल राष्ट्रिय शिक्षक संगठन दाङका उपाध्यक्ष सुष्मा भण्डारी, सचिव धनिराम केसी, एमाले दाङका सदस्य प्रेम बहादुर राम्जा, बबई अध्यक्ष टंकराज बिश्वकर्मा नेपाल राष्ट्रिय शिक्षक संगठन तुलसीपुरका अध्यक्ष होमराज डाँगी, बंगालाचुली अध्यक्ष दुर्गा बहादुर डाँगी, दंगीशरणका अध्यक्ष चन्द्रलाल जैसी, शान्तिनगर सचिव तेज बहादुर विक लगायतकाले शुभकामना मन्तब्य राख्नुभएको थियो।

## संस्कृत .....

मरणको अवस्थामा पुगेको भन्दै सबै पक्ष गम्भीर भएर निकास खोज्नुपर्नेमा घोराही उपमहानगरपालिकाकी उपप्रमुख हुमा डिसीले धारणा राख्नुभयो। 'खोलाले कटान गरेका बाहेक अरु खेतीयोग्य जमिनमा उब्जनी छ। तर, आयस्ता छैन। कतिपय ठाउँमा बाँझो छ। यसको संरक्षण कसरी गर्ने भन्ने चुनौति छ। उपयोग, आय र त्यसबाट विश्व विद्यालय चल्ने तथा दाङ लाभान्वित हुनुपर्ने अवस्था कसरी स्थापित गर्ने भन्नेमा सबैको ध्यान पुग्नुपर्छ' उहाँले भन्नुभयो।

मालपोत कार्यालय घोराहीका मालपोत अधिकृत देवीबहादुर भण्डारीले २०२१ मा जग्गा नापजाँच भएर २०२८ मा नापी भएको जग्गामा मोहीको कुरा कसरी भयो भन्दै यसको गम्भीर अध्ययन हुनुपर्ने बताउनुभयो। २०५४ भन्दा अघि मोही कायम रहेपनि अहिले हटेको अवस्थामा लामो समयसम्म मोहीको विषय टुंगिन नसक्दा समस्या थपिँदै गएको बताउनुभयो।

उहाँले भन्नुभयो 'मोहीले मोही हक किन पाएनन् ?, सरकारी जग्गामा मोही नलाग्ने अवस्थामा यो के विषय हो ? कुत बाली बुझाएको छैन भने कर्तव्य पूरा किन हुन सकेन ?' सार्वजनिक, धार्मिक जग्गामा मोही बाँडफाँड गर्न सक्ने अवस्था नरहेको भन्दै कुत बाली हालसम्म नबुझाउँदा मोहीयानीको कानुनी अधिकार कमजोर बनेको टिप्पणी गर्नुभयो।

छलफलमा नेपाली कांग्रेस दाङका कोषाध्यक्ष प्रकाश सुवेदी, नेकपा एमाले दाङका अध्यक्ष शिवकुमार आचार्य, नेकपा माओवादी दाङका सचिव विश्वराज आचार्य, जसपा दाङका अध्यक्ष जगतराम यादव, जनमोर्चाका जिल्ला सदस्य मेघराज भट्टराई, तुलसीपुर १७ का वडा अध्यक्ष थलराज पुरी, गढवा गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष लेखबहादुर थापा, वडा नम्बर २ का वडा अध्यक्ष भक्तु चौधरी, राजपुर गाउँपालिका वडा नम्बर ६ का वडा सदस्य नेत्रबहादुर खत्री लगायतले वास्तविकता पहिचान गर्न निष्पक्ष छानबिन गरेर निकास खोज्न आग्रह गर्दै समस्या समाधानमा सहयोग रहने प्रतिवद्धता जनाउनुभयो।

समितिले कार्यादेश अनुसार, अध्यनन, अनुगमन, निरिक्षण, सुझाव, मोही, अचल सम्पत्तिको अध्ययन गरि सुझाव संकलन गरेर प्रतिवेदन तयार पार्ने गरी काम गरिरहेको छ। समितिले विश्वविद्यालयको जग्गा तथा सम्पतिको अवस्था, उपभोग र व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई पुसको ७ गतेसम्ममा प्रतिवेदन बुझाउने योजना बनाएको छ।

संस्कृत विश्वविद्यालयको नाममा दाङ र देउखुरी क्षेत्रमा गरेर कुल एक हजार छ सय ६२ विगाह जग्गा रहेको बताईएको छ। त्यसमध्ये एक हजार तीन सय विगाह जग्गा देउखुरी क्षेत्र र तीन सय ६२ विगाह जग्गा दाङमा रहेको छ। जसमध्ये करिव एक हजार तीन सय ३६ विगाह २०५८ सालदेखि स्थानीयको कब्जामा छ। उक्त जग्गामध्ये चार सय आठ बिगाह जग्गामा मोही दावी गरिएको छ। यद्यपि, कुनै पनि जग्गाबाट विश्वविद्यालयले आयस्ता पाउन सकेको छैन।

स्थानीयको कव्जामा रहेको जग्गाबाट २०५७ सालसम्म विश्वविद्यालयले आंशिक रुपमा आम्दानी लिने गरेपनि २०५८ सालदेखि आम्दानी लिन नपाएको विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. भीमप्रसाद खतिवडाले जानकारी दिनुभयो। वास्तविक मोही किसानको समस्या समाधान गर्न विश्वविद्यालय तयार रहेपनि विचौलियाका कारण बारम्बार समस्या सिर्जना हुने गरेको उहाँ बताउनुहुन्छ।

विश्वविद्यालयको नाममा सम्पति भएको तर उपभोग गर्न नपाउँदा विश्वविद्यालय सञ्चालनमा समस्या देखिन थालेपछि जग्गा तथा सम्पति खोजविनका लागि पूर्वन्यायाधीश पौडेलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको हो। समितिको सदस्यमा नेपाल संस्कृत विश्वविद्यालयको तर्फबाट प्रध्यापक इश्वर पोखेल, पूर्वसहसचिवहरु रोहितकुमार भट्टराई, कपिल डंगोल र सदस्य सचिवमा शिक्षा विकास तथा समन्वय एकाइ दाङका प्रमुख देवमणी चौधरी हुनुहुन्छ।

## रास्वपाका ......

सबैको साझा कर्तव्य हो' एमालेले भनेको छ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई स्वतन्त्र भयरहित र वैज्ञानिक बनाई फौजदारी न्याय प्रणालीको प्रभावकारिता बनाउनु सबैको साझा दायित्व भएको एमालेले ध्यानाकर्षण गराएको छ। 'न्यायिक प्रक्रियालाई स्वस्थ, निस्पक्ष र विधिसम्मत ढंगले अघि बढाउन राजनीतिक दल, सञ्चार जगत, सरकारी तथा गैरसरकारी निकाय एवं नागरिक समेतको सकारात्मक सहयोगको आवश्यकता पर्दछ। सबै पक्षको सकारात्मक सहयोगबाट नै अनुसन्धानको प्रक्रियालाई प्रभावकारी बनाई दोषी नउम्कने र निर्दोष कोही पनि नफस्ने कुराको सुनिश्चिता गर्न सकिन्छ' एमालेले भनेको छ।

'कानुनले अनुसन्धान गर्ने र अभियोजन गर्ने छुट्टाछुट्टै निकायको व्यवस्था गरेको छ। नेपाल प्रहरीले प्राप्त अधिकारअन्तर्गत अनुसन्धानको प्रकृया अघि बढाइरहेको छ। अनुसन्धानपश्चात् तथ्य र प्रमाणका आधारमा मुद्दा चल्ने नचल्ने निर्णय गर्ने स्वायत्तता कानुनले सरकारी वकिललाई दिएको छ। यस्तो अवस्थामा अनुसन्धान र अभियोजनमा दबाब दिने र प्रभाव पार्ने काम कहीं कतैबाट हुनु हुँदैन। त्यसमाथि अन्तिम रूपमा न्यायिक निरूपणको काम अदालती प्रक्रियाबाट हुने वैधानिक स्थापित परम्परा छ। यस्तो विषयमा सरकार र त्यसको नेतृत्वलाई जोडेर चर्चा गर्नु, अनुसन्धान र अभियोजन प्रक्रियालाई अनुचित प्रभाव पार्ने कार्य न्यायिक दृष्टिकोणबाट अनुपयुक्त हो।'

## सेवाग्राहीका ....

निर्माण व्यवसायीले आफ्नो क्षमता विकास नगर्दा, कार्यसम्पादन नगर्दा, बेलैमा ध्यान नदिंदा सरकार वा जनप्रतिनिधीले काम नगरेको जस्तो देखिने गरेकोले यसबारे सबैलाई बुझाउनुपर्ने र यस कार्यलाई सुधार गर्नुपर्ने बताउनुभयो।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ सल्यान शाखाका कार्यवाहक अध्यक्ष शंकर केसीले पत्रकारहरूको हक, अधिकार र प्रेस स्वतन्त्रताको संरक्षणका लागि प्रभावकारी काम गर्न, लोकतन्त्रको आधारशिला भनेकै स्वतन्त्र प्रेस भएको भन्दै पत्रकारहरू लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण रक्षक भएकाले अझै पनि कठिन परिस्थितिमा काम गरिरहेका पत्रकार, संचारमाध्यमको बिकासमा योजनाबद्ध काम गर्न, बढ्दो प्रविधिको प्रयोग संगै पत्रकारहरुको दक्षता बढाउने कार्यक्रम संचालन गर्न, तथा पत्रकार महासंघ सल्यानको भौतिक पुर्वाधार विकासका लागि अनुरोध गर्नुभएको थियो।


सूचना सूचना सूचना !

तेस्रो पटक प्रकाशित मिति २०८१/०७/०९

घोराही उपमहानगरपालिका (सविक त्रिभुवननगर नगरपालिका-११) वडा नं. १५ मा रहेको नयन कृषि सहकारी संस्था लि.मा ब्यवस्थापकको जिम्मेवारीमा सेयर सदस्य समेत रहकी अमृता शाह रहेको कुरा सम्पूर्ण शेयर सदस्य तथा बचतकर्ताहरूलाई अवगत भएको कुरा हो। निज शाहले केही समय अघि यस संस्थाका सम्पूर्ण खाताहरू जलाई नष्ट गरेको एवं संस्थाको बचत रकम तथा शेयर रकम सम्पूर्ण रूपमा हिनामिना गरी २०८१ बैशाख १३ गतेका दिन चितवन जिल्लामा झुण्डी आत्महत्या गरेको भन्ने जिल्ला प्रहरी कार्यालय चितवनको च.नं. १४४८६ मिति २०८१ बैशाख १५ गतेका दिन प्राप्त पत्र अनुसार जानकारी भएकाले निज अमृता शाहले यस सहकारी संस्था तहस नहस अवस्थामा पारी गएकाले बचतकर्ता तथा सेयर सदस्यहरूप्रति क्षमा प्राथि छौं।

उर्मिला सिंङ (सचिव) शिवाकुमारी हमाल (अध्यक्ष)

एवं नयन कृषि सहकारी संस्था लि. घोराही, १५ दाङ

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं

असन्तुलित खानपान जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
– सन्तुलित र स्वस्थ खाना खाऔं,
– शारिरी क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
– मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं
– प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ,

नेपाल सरकार विज्ञापन बोर्ड

'रोगी, गरीब, अशक्त, बृद्धबृद्धा र बालबालिकालाई माया गरौं '

बोरिङ्को पानी चाहिएमा
हामीकहाँ २८० फिट गहिराइबाट निकालिएको पानी होम डेलीभरीका साथ उपलब्ध गराइन्छ ।
खरेल वाटर सप्लायर्स
घोराही, ०८२-५६२०४५, कार्यालय ९८५७८३२६४५

आइपुग्यो! आइपुग्यो!
गर्मीयाममा २४ घण्टासम्म चिसो र जाडो याममा तातो हुने चिल्ड जार बजारमा आइपुग्यो ।

स्वर्गद्वारी ड्रिङ्किङ वाटर
प्रो. धर्मेन्द्र के.सी. सम्पर्क : ०८२-५६३०२१, मो. ९८४७८६२३७५

हामीलाई सम्झनुहोस् !
तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस । हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ । हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं ।
समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.
मुख्य कार्यालय घोराही, दाङ
सम्पर्क नं. : ०८२-५६३८८३, ९०१३४८६३०, ९०१३४८६३१, ९८०१३४८६३३

गिट्टी बालुवा चाहिएमा ?
SAGARMATHA CRUSHER UDYOG


अत्याधुनिक H.S.I. क्रशर मेसिनबाट उत्पादीत गुणस्तरीय विभिन्न साईजका क्रसिङ्ग गिट्टीहरुका साथै हाईड्रोसाईक्लोन प्रविधिबाट धोएको जोडाई बालुवा र प्लास्टर बालुवाका साथै सम्पूर्ण साईजका नेचुरल गिट्टीहरु सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सगरमाथा क्रशर उद्योग
गढवा ३, देउखुरी
(सिसहनिया-महदेवा राप्ती नदीको नयाँ पुलदेखि दक्षिण-पश्चिमतर्फ)
अर्डरको लागि सम्पर्क
९८०१३३७३३७, ९८०१३३९५८४, ९८०१३३७९९८
Email: crushersci@gmail.com

गोल्डका नयाँ इट्टा बजारमा
'हाम्रो प्रतिवद्धता गुणस्तरिय इट्टा"
गोल्ड व्रिक ब्राण्डका इट्टा प्रयोग गर्नुहोस र जीवनभरका लागि ढुक्क हुनुहोस ।
विगत २३ वर्ष देखि यहाँहरूको मन जित्दै आएको उच्च गुणस्तरको गोल्ड ब्राण्डका नयाँ इट्टाहरू उत्पादन भइसकेकाले आजै सम्पर्क राखि मौकाको फाइदा उठाउन अनुरोध छ ।
अग्रीम बुकिङ गर्नेलाई विशेष छुट दिइनेछ ।


प्रो. रोम वली:- ९८५७८३०२३२
गोल्ड ब्रिक इन्ड्रष्टि
उद्योगः घोराही उपमहानगरपालिका- १२, सम्पर्कः ९८४७८६३४६२
डिपोः घोराही उपमहानगरपालिका-१५, स्वर्गद्वारी हल रोड, सम्पर्कः ९०८२-५६०६२९

नेवा सप्लायर्स (प्रो. सन्तोष श्रेष्ठ)
घोराही-१५ मिलनचोक दाङ सम्पर्क : ९८५७८४०७६२, ९८१०९३९१००, ९८०१३५४६३१

नयाँ बर्ष २०८१ का अवसरमा सम्पुर्ण ग्राहक महानुभावहरुमा शुभकामना दिदै हामी कहाँ LG, CG का TV, Refrigerator, Deep-freezer, washing machine, fan लगायत piago Brand र Black and Decker American Brand का किचनको सम्पुर्ण सामानहरु सुपथ मुल्यमा पाइन्छ र राप्ती मनकामना ग्याँस र ग्याँसका सम्पुर्ण Brand सामानहरु पनि पाइने जानकारी गराउँछौं।

गणेश ग्याँस सप्लायर्स
घोराही-१४ गणेश मन्दिरचोक दाङ सम्पर्क नं. ९८२२८५५००५